# जिल्ला समन्वय समितिको कार्यालय

## पर्वत

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको

२०८१ साल कार्तिक १ देखि २०८१ साल पौष सान्तसम्म सम्पादित प्रमुख क्रियाकलापहरु

(स्वतः प्रकाशन)

१. कार्यालयको स्वरुप र प्रकृति

नेपालको संविधानको भाग १७ धारा २२० मा जिल्ला सभा र जिल्ला समन्वय समिति सम्बन्धी व्यवस्था रहेको छ। जसअनुसार जिल्ला भित्रका गाउँ कार्यपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगर पालिकाका प्रमुख र उपप्रमुख सदस्य रहनेगरी गाउँपालिका र नगरपालिकाहरुबीच समन्वय गर्न एक जिल्ला सभा रहनेछ। जिल्ला सभाले एक जना प्रमुख, एक जना उपप्रमुख, कम्तीमा तीन जना महिला र कम्तीमा एक जना दलित वा अल्पसंख्यक सहित बढीमा नौ जना सदस्य रहेको जिल्ला समन्वय समितको निर्वाचन गर्नेछ । जिल्ला समन्वय समितिले जिल्ला सभाको तर्फबाट गर्नुपर्ने सम्पूर्ण कार्य सम्पादन गर्नेछ । सम्बन्धित जिल्लाभित्रको गाउँ सभा वा नगर सभाको सदस्य जिल्ला समन्वय समितिको प्रमुख, उपप्रमुख वा सदस्य पदको उम्मेदवार हुन योग्य हुने व्यवस्था रहेको छ।

२.कार्यालयको काम, कर्तव्य र अधिकार


नेपालको संविधान बमोजिम जिल्ला सभाको काम, कर्तव्य र अधिकार अन्तर्गत जिल्लाभित्रका गाउँपालिका र नगरपालिका बीच समन्वय गर्ने, विकास निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न सोको अनुगमन गर्ने, जिल्लामा रहने संघीय र प्रदेश सरकारी कार्यालय र गाउँपालिका र नगरपालिका बीच समन्वय गर्ने तथा प्रदेश कानून बमोजिमका अन्य कार्यहरु गर्ने रहेका छन् ।

त्यसैगरी संविधानको धारा २२० को उपधारा (७) मा उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९२ बमोजिम जिल्ला सभाका अन्य काम, कर्तव्य र अधिकारको व्यवस्था गरेको छ । जसमध्ये जिल्लाभित्रका गाउँपालिका वा नगरपालिकाबिचको विकास निर्माणका विषय पहिचान गर्न तथा व्यवस्थापन गर्न आवश्यक समन्वय गर्ने, जिल्लाभित्र सरकारी तथा गैर सरकारी क्षेत्रबाट सञ्चालित विकास निर्माण सम्बन्धी कार्यक्रमको विवरण तयार गरी त्यस्ता कार्यक्रमको प्रभावकारिता तथा व्यवस्थापनका विभिन्न चरणमा अनुगमन गर्ने, त्यस्ता कार्यक्रमको प्रतिफलका सम्बन्धमा क्षेत्र वा समुदायगत, विषय क्षेत्रगत र पर्यावरणीय सन्तुलन कायम गर्न आवश्यक सुझाव वा मार्गदर्शन दिने र त्यसरी दिएका सुझाव वा मार्गदर्शनलाई सार्वजनिक गर्ने, जिल्ला भित्रका गाउँपालिका तथा नगरपालिकाको क्षमता विकासको लागि प्रदेश तथा संघसँग समन्वय गर्ने, जिल्लाभित्रका गाउँपालिका र नगरपालिका बिचमा कुनै विवाद उत्पन्न भएमा सोको समाधानका लागि समन्वय तथा सहजीकरण गर्ने लगायतका कार्यहरु रहेका छन् ।

३. कार्यालयको संगठन संरचना, कर्मचारी संख्या र कार्य विवरण

## संगठन संरचना

जिल्ला समन्वय समिति पर्वतको संगठन संरचना



जिल्ला समन्वय समिति, पर्वतका पदाधिकारीहरुको संक्षिप्त परिचय

| क्र. सं. | नाम/ थर | पद | ठेगाना | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|---|
| १ | श्री विष्णुराम वि.क | प्रमुख | महाशिला गा.पा. १ पर्वत | ९८५७६३०५७३ | |
| २ | श्री सोम बहादुर जि.सी | उप-प्रमुख | जलजला गा.पा. ८ पर्वत | ९८५७६५५३०९ | |
| ३ | श्री केशु कुमारी सुवेदी | सदस्य | जलजला गा.पा. पर्वत | ९८६७७४२५७९ | |
| ४ | श्री सीता समुन्द्रिया | सदस्य | कुश्मा न.पा. ८ पर्वत | ९८४७७४२५७९ | |
| ५ | श्री गीता सुनार वि.क. | सदस्य | कुश्मा न.पा. ११ पर्वत | ९८६७७०१४११ | |
| ६ | श्री निर्मला कुमारी शर्मा | सदस्य | फलेवास न.पा. ३ पर्वत | ९८५७६७६११३ | |
| ७ | श्री दर्शन सिं घले | सदस्य | फलेवास न.पा. ८ पर्वत | ९८४७७०१००५ | |
| ८ | श्री विजया कुमार क्षेत्री | सदस्य | विहादी गा.पा. ६ पर्वत | ९८५७६३१५९५ | |

जिल्ला समन्वय समितिको कार्यालयका कर्मचारीहरुको विवरण

| क्र. सं. | नाम/ थर | पद | ठेगाना | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|---|
| १ | किरण पौडेल | जिल्ला समन्वय अधिकारी | फलेवास न पा पर्वत | ९८५७६३७२२२ | |
| २. | विशाल अधिकारी | इन्जिनियर | | | |
| ३. | यमनाथ पौडेल | लेखापाल | मोदी गा.पा. पर्वत | ९८५७८६४५३६९ | |
| ४. | निर्मला भण्डारी | नायव सुब्बा | जलजला गा.पा. ८ पर्वत | ९८४६९८४२१७ | |
| ५. | राजु पौडेल | खरिदार | कुश्मा न.पा. पर्वत | ९८४६७३९९२३ | |
| ६. | सिर्जना वि.क. | स्वकीय सचिव /ना.सु (करार) | महाशिला १ पर्वत | | |
| ७. | राजेन्द्र वि.क | ह. स. चा (करार) | कु.न.पा.४ पाखाथर | ९८४७६२०९३१ | |
| ८. | बैशलाल दर्जी | ह. स. चा (करार) | मोदी गाउपालिका वडा नं. ६ | ९८४७७००२१३ | |
| ९. | विवेक पौडेल | कार्यालय सहयोगी (करार) | मोदी गाउपालिका वडा नं. ६ | ९८४७७७२७७२ | |
| १०. | विजया कुमारी सुवेदी (आचार्य) | कार्यालय सहयोगी (करार) | जलजला गाउपालिका ७ | ९८४७६७२५४६ | |
| ११. | शान्ति दर्जी | कार्यालय सहयोगी (करार) | मोदी गाउपालिका वडा नं ६ | ९८४७६४७३७५ | |

४. कार्यालयबाट प्रदान गरिने सेवाः

- नेपालको संविधान बमोजिम जिल्लाभित्रका गाउँपालिका र नगरपालिका बीच समन्वय गर्ने, विकास निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न सोको अनुगमन गर्ने, जिल्लामा रहने संघीय र प्रदेश सरकारी कार्यालय र गाउँपालिका र नगरपालिका बीच समन्वय गर्ने तथा प्रदेश कानून बमोजिमका अन्य कार्यहरु गर्ने रहेका छन् ।
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९२ बमोजिमका तथा कानूनले तोके बमोजिमका कार्यहरु ।

५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी, सम्बन्धित शाखा प्रमुख

| शाखा | कर्मचारीको नाम थर तथा पद |
|---|---|
| कार्यालय प्रमुख | श्री किरण पौडेल , जिल्ला समन्वय अधिकारी |
| अनुगमन तथा मूल्यांकन शाखा | श्री विशाल अधिकारी इन्जिनियर |
| जिन्सी | श्री निर्मला भण्डारी, ना. सु. |
| आर्थिक प्रशासन | **श्री यमनाथ पौडेल, लेखापाल** |
| प्रशासन/ दर्ता चलानी | श्री राजु पौडेल, खरिदार |

६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः

जिल्ला समन्वय समितिको कार्यालयबाट प्रदान हुने सेवाहरु निशुल्क रुपमा प्रदान हुने गरेको ।

७. निर्णय गर्ने प्रक्रिया र अधिकारीः

- शाखासँग सम्बन्धित नियमित कार्यहरु शाखा प्रमुखबाट ।
- विशेष निर्णय तथा कार्यालय प्रमुखबाट हुनुपर्ने भनी तोकिएका कार्यहरु कार्यालय प्रमुखबाट।
- नीतिगत विषयका निर्णयहरु जिल्ला समन्वय समितिबाट हुने ।

८. निर्णय उपर उजुरी सुन्ने अधिकारीः

- जिल्ला समन्वय समिति प्रमुख
- जिल्ला समन्वय अधिकारी

९. सम्पादन गरेको कामको विवरणः

जिल्ला समन्वय समिति, पर्वतबाट यस अवधिमा सम्पादित मुख्य मुख्य कार्यहरुः

- २०८१ **कार्तिक** १ देखि २०८१ **पौष** मसान्तसम्म विभिन्न मितिहरुमा जिल्ला समन्वय समितिको बैठक बसी विभिन्न निर्णयहरु गरेको ।
- २०८१ कार्तिक १ देखि पौष मसान्त सम्म नदीजन्य तथा खानीजन्य पदार्थ जिल्ला अनुगमन समितिको बैठक वसी विभिन्न निर्णयहरु गरेको ।
- जिल्ला समन्वय प्रमुखको संयोजकत्वमा जिल्ला अनुगमन समितिले कालिगण्डकी नदि किनार क्षेत्रमा विभिन्न समयमा अनुगमन गरेको ।

- जि.स.स.को असल अभ्यास तथा अनुभव आदानप्रदान गर्ने उदेश्यले कर्णाली र लुम्विनी प्रदेशका विभिन्न जिल्लाका जिल्ला समन्वय समितिको कार्यालयमा गई अनुभव आदानप्रदान गर्ने कार्य सम्पन्न गरिएको ।
- संघ प्रदेश तथा स्थानीय तहहरुवाट संचालित विभिन्न योजनाहरुको अनुगमन गरिएको ।
- जिल्ला समन्वय समितिको निर्णयानुसार पर्वत जिल्ला तथा साविक धौलागिरी अंचल प्रवेशको रुपमा रहेको धौलागिरी गेट जिर्ण अवस्थामा रहेको हुदाँ उक्त गेटको मर्मत तथा रंग रोगन गर्ने कार्य सम्पन्न भएको ।

१०. सूचना अधिकारी र प्रमुखको नाम र पदः

१. कार्यालय प्रमुखः- श्री किरण पौडेल , जिल्ला समन्वय अधिकारी
२. सूचना अधिकारीः- श्री निर्मला भण्डारी, ना.सु.

११. ऐन, नियम, विनियम वा निर्देशिकाको सूचीः
- स्थानीय सरकार संचालन ऐन, २०७४
- सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र नियमावली, २०७७
- बातावरण संरक्षण ऐन, २०७६
- सुशासन व्यवस्थापन तथा संचालन ऐन, २०६४ नियमावली, २०६५
- "ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७"
- "ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, संकलन, क्रसिङ्ग र विक्रि वितरण तथा क्रसर उद्योग स्थापना र संचालनलाई व्यवस्थित गर्ने कार्यविधी, २०७५"
- जिल्ला समन्वय समितिको मौज्दात कोष संचालन निर्देशिका, २०७५
- जिल्ला अनुगमन तथा समन्वय सम्बन्धी कार्यविधि २०८१